नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५११५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- 082/83
च. नं. :- 9362

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/११/०१

श्री पायोनियर वेल्थ पार्टनर्स प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८०१०९९६३७

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित गुर गाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू तोकिएको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/१०/२९ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

- प्रस्तावित क्षेत्र ढोरपाटन सिकार आरक्षमा पर्ने देखिएको हुनाले देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौं संसोधन) को दफा १२(५) बमोजिम **छ महिना** भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमतिपत्र पेश गर्न नसकेमा दरखास्त रद्द हुनेछ।
- विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरू
  - नोटराइज नभएकोले नोटराइज गरिएको निम्न विवरणः
    - प्रवर्द्धक कम्पनी को दर्ताको प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनीको प्यान दर्ता को नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि,
    - प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि
  - सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति एवं सम्पर्क नं तथा पत्राचार गर्ने स्पष्ट ठेगाना खुलेको संचालक समितिको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्रको नोटराइज प्रति,
  - विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
  - नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
  - परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
  - परामर्शदातृ संस्थासँग भएको सम्झौता पत्रको प्रमाणित प्रति (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर